# मैवाखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

स्थापना: २०७३

(कार्यपालिका बैठक) | १ नं. प्रदेश नेपाल

मिति: २०८०/०२/१२

बैठक सुरू समय: विहान ११ बजे

बैठकको अध्यक्षता: विजय प्रकाश वनेम | बैठक संख्या: २० औं

उपस्थिति:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | |
| १० | श्री पासाङ ग्याल्बु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मी माया गोम्देन | सदस्य सचिव | |

**मैवाखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**साँघु, ताप्लेजुङ**
**स्था: २०७३**

(१ नं. प्रदेश नेपाल)

मिति:-२०८०/०२/१२

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०२/१२ गते बसेको २० औं बैठकको निर्णयहरू

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | मैवाखोला गाउँपालिकामा २०७९ सालमा निर्वाचित भई आएको जनप्रतिनिधिहरूको कार्यकालको एक वर्षमा भए गरेका काम कारबाही तथा कार्यशैलीको बारेमा घनीभूत रूपमा छलफल तथा समीक्षा गरी कमीकमजोरीहरूलाई सुधार गर्ने तथा राम्रा पक्षहरूलाई निरन्तरता दिने साथै वर्ष भरि गरिएका कामहरूलाई प्रतिवेदन निर्माण गरी सार्वजनिक गर्न सर्वसम्मतले निर्णय गरियो । | |
| २ | आर्थिक वर्ष २०८०\०८१ को बजेट योजना निर्माणका निमित्त तपशीलका समितिहरूको कार्ययोजना सहितको कार्यतालिका सर्व सम्मतले निर्माण गरियोः | |

| क्र.सं. | समिति | कार्यक्रम | पेश गर्ने मिति | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय राजस्व परामर्श समिति | अन्तिम प्रतिवेदन | २०८०\०२\२१ | अन्तिम प्रतिवेदन |
| २ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | | २०८०\०२\२२ | बैठक |
| ३ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | | २०८०\०२\२३ | बैठक |

| | | | | |
|---|---|---|---|---|
| ४ | | नीति तथा कार्यक्रम प्रस्तुत | २०८०\०२\२८ | सभाको पहिलो बैठक |
| ५ | | नीति तथा कार्यक्रम छलफल तथा स्वीकृति | २०८०\०२\३२ | सभाको दोस्रो बैठक |
| ५ | | बजेट प्रस्तुत | २०८०\०३\०९ | सभाको तेस्रो बैठक |
| ६ | | बजेट उपर छलफल | २०८०\०३\२० | सभाको चौथो बैठक |
| ७ | | बजेट स्वीकृति | २०८०\०३\२५ | सभाको पाँचौ बैठक |

| क्र.सं. | विषयगत समिति | छलफल मिति | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक विकास समिति | २०८०\०२\२१ | बिहान |
| २ | वन, वातावरण तथा विपद व्यवस्थापन समिति | २०८०\०२\२० | |
| ३ | पूर्वाधार विकास समिति | २०८०\०२\२० | |
| ४ | आर्थिक विकास समिति | २०८०\०२\१७ | |
| ५ | सुशासन तथा संस्थागत विकास समिति | २०८०\०२\२१ | |

| | | |
|---|---|---|
| ३ | मैवाखोला गाउँपालिकाको ६ नं. वडामा रहेको स्वास्थ्य चौकी तथा १ नं. वडामा रहेको सामुदायिक स्वास्थ्य इकाइलाई स्वास्थ्य चौकीमा स्तरोन्नती गर्न आवश्यक दर्ता प्रक्रियाका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । | |
| ४ | पत्रकार महासंघ ताप्लेजुङसँगको सहकार्यमा जनतासँग जनप्रतिनिधि शीर्षकमा मैवाखोला गाउँपालिकाको ६ वटै वडामा तपशीलको कार्यतालिकामा सार्वजनिक | |

| | | |
|---|---|---|
| | सुनुवाई गर्ने निर्णय गरियो:<br>१) १ नं. वडा २०८०\०२\१९ विहान ७ बजे<br>२) २ नं. वडा२०८०\०२\१९ दिउँसो १२ बजे<br>३) ३ नं. वडा२०८०\०२\१८ विहान ७ बजे<br>४) ४ नं. वडा२०८०\०२\१८ दिउँसो १२ बजे<br>५) ५ नं. वडा २०८०\०२\१७ विहान ७ बजे<br>६) ६ नं. वडा २०८०\०२\१७ दिउँसो १२ बजे | |
| ५ | मैवाखोला गाउँपालिकाको आफ्नो लोगो निर्माणका लागि मिति २०७९\१२\२५ गते यस कार्यालयबाट निकालेको सूचना बमोजिम यस कार्यालयमा पेश भएको लोगोको प्रस्ताव उपर छलफल तथा छनोटका निमित्त तपशीलका समिति छनौट गरी १५ दिन भित्रमा प्रतिवेदन पेश गर्ने कार्यादेश दिने निर्णय गरियो<br>तपशील:<br>मदन तिवारी (सूचना अधिकृत) -संयोजक<br>बसन्त लिम्बू सदस्य (ग्राफिक डिजाइनर) विषय विज्ञ<br>देवी प्र. चापागाईं (प्रशासन प्रमुख)- सदस्य | |
| ६ | मैवाखोला गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना आजको बैठकबाट गहन अध्ययन तथा छलफल गरी सर्वसम्मतले पारित गरियो। | |
| ७ | मैवाखोला गाउँपालिकाको विपद व्यवस्थापनसँग सम्बनक्धित स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना भएकोले सोको कार्य सञ्चालन विधि- २०७९ आजको बैठकबाट गहन अध्ययन तथा छलफल गरी सर्वसम्मतले पारित गर्ने निर्णय गरियो। | |
| ८ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि-२०८०, गाउँपालिकाको स्थानीय परामर्श समितिको कार्यसञ्चालन कार्यविधि २०८० उपर आजको बैठकबाट गहन अध्ययन तथा छलफल गरी सर्वसम्मतले पारित गर्ने निर्णय गरियो। | |
| ९ | मैवाखोला गाउँपालिकाको आ.व. २०७९\०८० को कार्यक्रममा विनियोजित रकम आवधिक योजना शीर्षकबाट मैवाखोला गाउँपालिकाको कार्यालयको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षणे कार्यक्रमका लागि रु ५००,०००(अक्षरेपी पाँच लाख), मध्यमकालीन खर्च संरचना निर्माणका लागि रु ६००,०००(अक्षरेपी छ लाख मात्र) र राजस्व सुधार योजना निर्माणका लागि ५००,०००(अक्षरेपी पाँच लाख मात्र) तथा आवधिक विकास योजना निर्माण सम्बन्धी १ दिने अभिमुखीकरण | |

| | | |
|---|---|---|
| | कार्यक्रम तथा आवधिक विकास योजना निर्माण सम्बन्धी ४ दिने कार्यशाला कार्यक्रममा लागेको चिया, खाजा तथा बसोबासको खर्च व्यवस्थापनका लागि रु २००,००० (अक्षरेपी दुई लाख मात्र) रकम खर्च गर्ने निर्णय गरियो। | |
| १० | मैवाखोला गाउँपालिका ५ नं. वडामा लामो समयदेखि वडा सचिव पद खाली भई कार्य सम्पादनमा कठिनाई देखिएकाले मैवाखाला गाउँपालिकाको कार्यालय अन्तरगत रोजगार शाखाको कर्मचारी ४ नं. वडामा वडा सचिव पदमा कार्यरत श्री तारानाथ श्रेष्ठलाई पठाउने र मैवाखाला गाउँपालिकाको कार्यालय अन्तरगत पञ्जीकरण शाखामा कार्यरत फिल्ड सहायक पदमा कार्यरत श्री अनिल तामाङलाई ४ नं. वडा कार्यालयमा वडासचिवको रूपमा पठाउने साथै वडा नं. ५ र वडा नं. ६ दुवै वडाको काम गरिरहनु भएको र यस कार्यालयबाट ५ नं. वडाका लागि जिम्मेवारी दिई सिफारिस गरिएको साङ्ग बहादुर शेर्पालाई वडा नं. ६ मा पठाउने सर्व सम्मतले निर्णय गरियो। | |
| ११ | छिमेकी गाउँपालिकाहरूसँग साझा सरोकारको विषयहरूको सामूहिक धारणा निर्माणका लागि सहकार्य र समन्वय तथा सिकाइ अनुभव आदनप्रदान गर्ने उद्धेश्यले अन्तरपालिका समन्वयका लागि बैठक आयोजना गर्ने निर्णय गरियो। | |
| १२ | मैवाखोला गाउँपालिका वडा नं. २ मा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा अहेब पदमा कार्यरत करार कर्मचारी श्री सुष्मा लिम्बुले आफ्नो स्वइच्छाले राजीनामा माग गरेको हुनाले उक्त राजिनामा आजको बैठकले सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो। | |
| १३ | मैवाखोला गाउँपालिका वडा नं. १ निवासी श्री लिला बहादुर तामाङलाई घाँटीको क्यान्सर रोगले पीडित भएको भनी वडाको सिफारिस तथा पूर्वाञ्चल क्यान्सर अस्पतालको सिफारिस सहित निजले सहयोगको लागि यस पालिकामा निवेदन पेश गरेको हुनाले उक्त कागजात अध्ययन गरी आजको बैठकबाट रु ७०,०००\- (अक्षरेपी सत्तरी हजार रुपैँया मात्र) रकम अध्यक्ष सहयोग कोषबाट सहयोग गर्ने निर्णय गरियो। | |
| १४ | कृषि तथा पशु सेवाका ऐक गाउँ एक प्राविधिकहरूको तलब भत्ता नपुग हुन गएकाले नपुग तलब भत्ता गा.पा.को पारिश्रमिक कर्मचारीको तलब भत्ताबाट भुक्तानी गर्ने निर्णय गरियो। | |
| १५ | मैवाखोला ५ जाने सडक याङ्देली खोला सम्याउने र बाटो सरसफाई गर्न रु.१,३०,०००। कोचे डाँडा हुदै याङ्देली पुल सम्म ३ याक पुल सम्म सडक विस्तारमा बाकि रहेको रकमलाई रकमान्तरण गर्ने निर्णय गरियो। | |